# चिकित्सा शिक्षा आयोगका निर्देशक नियुक्तिको लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको कार्य सम्पादन सम्बन्धी कार्यविधि, २०८०

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ को उपदफा (२) अनुसार चिकित्सा शिक्षा आयोगका निर्देशक नियुक्ति गर्ने प्रयोजनका लागि ऐ. ऐनको दफा २९ को उपदफा (६) बमोजिम चिकित्सा शिक्षा आयोगको अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्रीद्वारा गठित सिफारिस समितिको बैठक व्यवस्थापन र उम्मेदवार छनौट तथा सिफारिस सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वान्छनीय भएकोले,

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ को उपदफा (९) ले दिएको अधिकार प्रयोग गरी सिफारिस समितिले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम "चिकित्सा शिक्षा आयोगका निर्देशक नियुक्तिको लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको कार्य सम्पादन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि समितिबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "उम्मेदवार" भन्नाले चिकित्सा शिक्षा आयोगका निर्देशक नियुक्तिको लागि दरखास्त स्वीकृत भएका उम्मेदवार सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले चिकित्सा शिक्षा आयोगका निर्देशक नियुक्तिको लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ को उपदफा (९) ले दिएको अधिकार प्रयोग गरी सिफारिस समितिले बनाएको कार्यविधि सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ को उपदफा (६) चिकित्सा शिक्षा आयोगका निर्देशक नियुक्तिको लागि नाम सिफारिस गर्न गठित सिफारिस समिति सम्झनु पर्छ ।

३. **<u>बैठक सम्बन्धी कार्यविधि:</u>** (१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्ने छ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(३) समितिको बैठकको गणपुरक संख्याको लागि समितिको संयोजक र कम्तिमा एकजना सदस्य उपस्थित भएको हुनुपर्ने छ ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजकसहितको बहुमतले गरेको निर्णय मान्य हुने छ ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षर पछि प्रमाणित भएको मानिने छ ।

(६) समितिको बैठक अनलाइन माध्यमबाट समेत बस्न सक्ने छ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

४. **<u>न्यूनतम योग्यता:</u>** यस कार्यविधि बमोजिम चिकित्सा शिक्षा आयोगको निर्देशक नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता ऐन तथा नियमाली बमोजिम देहायअनुसार हुने छः-

(क) चिकित्सा शिक्षा आयोगको निर्देशनालय वा बोर्डको कामसँग सम्बन्धित दक्षता भएको,

(ख) कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा अनुभव भएको,

(ग) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल, स्वच्छ छवि र व्यावसायिकता भएको ।

५. **सूचना प्रकाशन गर्ने** : चिकित्सा शिक्षा आयोगका निर्देशक पदमा नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी गोरखापत्र दैनिक, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चिकित्सा शिक्षा आयोगको वेबसाइटमा सात दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गरिने छ ।

६. **दरखास्त साथ पेश गर्नुपर्ने कागजात**: न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले आवेदन साथ देहायका विवरण तथा स्वयम् प्रमाणित कागजातहरु समावेश गर्नुपर्ने छ (ऐनको दफा २९ को उपदफा (८) मा उल्लिखित आधारहरूलाई कार्यान्वयन गर्ने प्रयोजनका लागि):-

(क) वैयक्तिक विवरण ४ प्रति,

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि,

(घ) चिकित्सा शिक्षा आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्ननयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको कामसँग सम्बन्धित दक्षता भएको व्यहोरा खुल्ने प्रमाण ।

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका जर्नलमा प्रकाशित विषय क्षेत्रसँग सम्बन्धित बढीमा १० वटा खोज अनुसन्धानमूलक लेख, रचना तथा प्रकाशनहरूको वेबसाइट लिङ्क वा प्रकाशित प्रति, सम्बद्ध क्षेत्रसँग सम्बन्धित तालिम दिएको वा लिएको प्रमाणको प्रतिलिपि,

(च) प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा नियुक्त भएको नियुक्तिपत्र तथा सो पदमा सेवा गरेको वर्ष, महिना र दिन खुलेको विवरण तथा प्रमाण,

(छ) सम्बद्ध क्षेत्रमा काम गरेको अनुभव खुल्ने विवरण तथा प्रमाण (सिलसिलेवार रूपमा मिति र अवधि खुलेको हुनुपर्ने),

(ज) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल र व्यावसायिकता प्रदर्शन गरेको व्यहोरा खुल्ने प्रमाण,

(झ) चिकित्सा शिक्षा सम्बन्धी कुनैपनि शिक्षण संस्थाको सञ्चालक समितिमा नरहेको, लगानीकर्ता वा सेयरहोल्डर नभएको, चिकित्सा शिक्षा आयोगसँग कुनै किसिमको स्वार्थको टकराव (Conflict of Interest) नभएको तथा स्वच्छ छवि भएको व्यहोरा खुलेको स्वघोषणा,

(ञ) चिकित्सा शिक्षा आयोगको निर्देशक भएपछि निर्देशनालय वा बोर्डको नेतृत्वदायी भूमिका वहन गर्ने सम्बन्धी चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको बढीमा ३००० तीन हजार शब्दको सोचपत्र (Vision Paper) ३ प्रति । व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) पृष्ठको एकातर्फ मात्र लेखेको/टाइप गरेको हुनु पर्ने, आफूलाई चिनाउने कुनै चिन्ह वा सङ्केत गर्न नपाइने र सिलबन्दी गरी बुझाउनु पर्नेछ ।

७. **<u>दरखास्त रद्द गर्न वा पुनः दरखास्त आह्वान गर्न सक्ने</u>:** दरखास्तका लागि प्रकाशित सूचना बमोजिमको न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले कुनै पनि चरणबाट त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न वा अपर्याप्त दरखास्त परेमा पुनः दरखास्त आह्वान गर्न सक्नेछ ।

८. **<u>छनौट विधि तथा मूल्याङ्कनका आधारहरू</u>:** उम्मेदवारले दरखास्त साथ पेश गरेका योग्यता तथा प्रमाण, व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) र प्रस्तुति तथा अन्तरवार्ता वापतको मूल्याङ्कन देहायको आधारमा गरिनेछ ।

| न्यूनतम योग्यता | अधिकतम अङ्कभार | अङ्क विभाजन/मूल्याङ्कन |
|---|---|---|
| (क) चिकित्सा शिक्षा आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको कामसँग सम्बन्धित दक्षता भए वापत । | १० | सम्बद्ध क्षेत्र सम्बन्धी कार्यमा संलग्न रही कार्य गरेको प्रमाणका आधारमा प्रति वर्ष १ अङ्कका दरले ।<br>नोट: विश्वविद्यालय वा स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन, सहायक डीन, विभागको प्रमुख, क्याम्पस प्रमुख, अस्पताल निर्देशक, निर्देशक विषय समिति वा विद्या परिषद् वा कार्यकारी समिति वा अनुसन्धान समिति वा प्रशासनिक वा शैक्षिक समितिका अध्यक्ष वा उपाध्यक्ष वा सदस्य/ पदाधिकारी प्रशिक्षक वा चिकित्सा शिक्षा आयोग, विषयगत काउन्सिल वा परिषद्को पदाधिकारी वा सदस्य वा नेपाल सरकार वा चिकित्सा शिक्षा आयोग वा विश्वविद्यालय प्रतिष्ठान वा विषयगत काउन्सिल वा परिषदबाट गठित समिति उपसमिति कार्यदल कार्यटोलीको अध्यक्ष, संयोजक, सदस्य प्रशिक्षक भई कार्य गरेको प्रमाण पेश गरेका आधारमा अङ्क प्रदान गर्न सकिने । |
| (ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका जर्नलमा प्रकाशित विषय क्षेत्रसँग सम्बन्धित बढीमा १० वटा अनुसन्धानमूलक लेखरचना , तथा प्रकाशनहरूको वेबसाइट लिङ्क वा सम्बद्ध ,प्रकाशित प्रति क्षेत्रसँग सम्बन्धित तालिम दिएको वा लिए वापत । | ५ | • अनुसन्धानमूलक लेख रचना तथा , प्रकाशनका लागि: प्राध्यापकका हकमा खोज अनुसन्धानमूलक लेख रचना तथा प्रकाशन वापतको अङ्क गणना गरी नपुग भएको अवस्थामा तालिम समेतको अङ्क गणना गर्ने । |

| न्यूनतम योग्यता | अधिकतम अङ्कभार | अङ्क विभाजन/मूल्याङ्कन |
|---|---|---|
| | | प्रमुख अनुसन्धानकर्ता भए प्रति प्रकाशन २ अङ्क र सहप्रकाशक भए प्रति प्रकाशन २ अङ्कमा दामासाहीले हुन आउने अङ्क ।<br>• विशिष्ट श्रेणीको हकमा: तालिम वापतको अङ्क गणना गरी नपुग भएको अवस्थामा खोज अनुसन्धानमूलक लेख रचना तथा प्रकाशन समेतको अङ्क गणना गर्ने । प्रति तालिम ०.५ अङ्क । |
| (ग) कार्य अनुभव वापत । | २० | • प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा कार्य गरेको प्रति वर्ष ४ अङ्कका दरले,<br>• सहप्राध्यापक वा नेपाल सरकारको रा.प. प्रथम श्रेणीको पदमा कार्य गरेको प्रति वर्ष ३ अङ्कका दरले,<br>• उपप्राध्यापक वा नेपाल सरकारको रा.प. द्वितीय श्रेणीको पद र सो भन्दा तल्लो अन्य पदमा कार्य गरेको प्रति वर्ष २ अङ्कका दरले । |
| (घ) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल र व्यावसायिकता प्रदर्शन गरे वापत | ५ | सम्बद्ध क्षेत्रको कुनै संस्था वा निकायमा कार्यरत रही उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल र व्यावसायिकता प्रदर्शन गरे वापत प्रति प्रमाण १ अङ्क |
| (ङ) चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) ) को मूल्याङ्कन वापत । | ३० | समिति संयोजक र सदस्यहरूबाट मूल्याङ्कन गरिएका आधारमा प्राप्त औसत अङ्क । |
| (च) चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) ) को प्रस्तुतिकरण वापत । | २० | समिति संयोजक र सदस्यहरूबाट मूल्याङ्कन गरिएका आधारमा प्राप्त औसत अङ्क । |
| (छ) अन्तरवार्ता वापत । | १० | समिति संयोजक र सदस्यहरूबाट मूल्याङ्कन गरिएका आधारमा प्राप्त औसत अङ्क । |

९. **उम्मेदवारहरूको अल्पसूची:** दफा ८ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमका क्षेत्रमा उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई अल्पसूची (Short list) मा राख्न सकिने छ ।

१०. **प्रस्तुति तथा अन्तरवार्ता:** दफा ९ बमोजिम कायम भएको अल्पसूची (Short list) मा रहेका उम्मेदवारहरूलाई सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ को खण्ड (च) र (छ) बमोजिम प्रस्तुति र अन्तरवार्ताका लागि आमन्त्रण गरिने छ । यस्तो प्रस्तुतिकरण र अन्तरवार्ता कार्यक्रममा पूर्वसूचना बमोजिम अनुपस्थित हुने उम्मेदवारलाई पुनः प्रस्तुतिकरण र अन्तरवार्ताका लागि आमन्त्रण गरिने छैन ।

११. **उपसमिति गठन तथा सेवा लिनसक्ने:** उम्मेदवार छनौट तथा सिफारिस गर्दा समितिले आवश्यक ठानेका कार्यमा उपसमिति गठन गरी सहयोग लिन वा विज्ञ वा कर्मचारीबाट सेवा लिन सक्ने छ ।

१२. **नाम सिफारिस:** समितिले संक्षिप्त प्रतिवेदन सहित चिकित्सा शिक्षा आयोगको निर्देशक पदमा नियुक्तिको लागि उम्मेदवारको नाम सिफारिस गर्ने छ ।

१३. **खर्च सम्बन्धी व्यवस्था:** समिति तथा उपसमितिको बैठक सम्बन्धी खर्च र अन्य आवश्यक खर्च चिकित्सा शिक्षा आयोगबाट भुक्तानी हुनेछ ।

१४. **कागजपत्रको संरक्षण:** समितिले सिफारिसको कार्य सम्पन्न गरिसकेपछि सिफारिस सम्बन्धी सम्पूर्ण कागजातहरु शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सुरक्षित राखिने छ ।

१५. **सचिवालय:** समितिको सचिवालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा रहने छ र समितिको लागि आवश्यक कर्मचारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले व्यवस्था गर्ने छ ।